REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 02.10.2024

- <u>Gandhi Jayanti</u>

देशले आज राष्ट्रपिता महात्मा गान्धीलाई उहाँको एक सय पचपनौं जन्म जयन्तीमा श्रद्धाञ्जली अर्पण गऱ्यो। यता सिक्किमको छवटै जिल्लाका विभिन्न स्थानमा पनि गान्धी जयन्ति पालन गरियो।

राज्य सरकारले राज्य स्तरीय समारोह विगतका वर्षहरूमा झैं यस वर्ष पनि राजधानी गान्तोकको एमजी मार्गस्थित गान्धीजीको प्रतिमा परिसरमा पालन गऱ्यो। राज्यपाल श्री ओमप्रकाश माथुर मुख्य अतिथि रहनुभएको कार्यक्रममा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ विशिष्ट अतिथि हुनुहुन्थ्यो।

कार्यक्रमको आरम्भ राज्यपाल र मुख्यमन्त्रीसहित अन्य अतिथिगणद्वारा महात्मा गान्धीको प्रतिमामा खादा अनि पुष्पार्पणबाट भयो। गान्धीजीलाई श्रद्धाञ्जली अर्पण गर्नेहरूमा अन्य बाहेक सिक्किम विधानसभाका अध्यक्ष श्री मिङ्मा नोर्बु शेर्पा, विभिन्न विभागका मन्त्रीगण, विधायकगण अनि शीर्ष अधिकारीहरू हुनुहुन्थ्यो।

कार्यक्रमको अवसरमा राज्य सरकारको शहरी विकास तथा ग्रामीण विकास विभागद्वारा विभिन्न स्वच्छता पुरस्कार हस्तान्तरण गरियो। राज्यपाल र मुख्यमन्त्रीको बाहुलीद्वारा विजेता जिल्ला, नगरपालिका वार्ड, ग्राम पञ्चायत वार्ड, स्वयं सहायता समूह र सफाई मित्रहरूलाई प्रमाणपत्रसहित नगद पुरसकार प्रदान गरियो।

पुरस्कृत हुनेहरूमा स्वच्छ नगरपालिका वर्गमा पहिलो मंगन, दोस्रो रम्फू र तेस्रो सिङताम रहेको छ, जसले पुरस्कारस्वरुप क्रमैले दश, सात र पाँच लाख रुपियाँ प्राप्त गरे। उल्लेखनीय छ, मंगन नगर पञ्चायतले यो पुरस्कार प्राप्त गरेको यो लगातार तेस्रोपल्ट हो। यसरी नै सबैभन्दा स्वच्छ वार्डको पुरस्कार डेभलपमेन्ट एरियाले प्राप्त गऱ्यो। यसैगरी स्वच्छ ग्राम पञ्चायत एकाई वर्गमा पहिलो र दोस्रो पुरस्कार क्रमैले गेजिङ जिल्लाको आरिथाङ चोङराङ GPU र पाकिम जिल्लाको बुदाङ कमेरे GPU-ले प्राप्त गरे भने तेस्रो पुरस्कारका निम्ति मंगन जिल्लाको लिङदोङ बार्फोक GPU र गान्तोक जिल्लाको सामलिक मार्चक GPU बराबरीमा आए। यसैगरी भारत सरकारको महत्वाकांक्षी योजना स्वच्छता ही सेवा-अन्तर्गत राज्यको उत्कृष्ट प्रदर्शन गर्ने जिल्लाको उपाधी मंगन जिल्लाले प्राप्त गऱ्यो।

समारोहमा राज्यका विभिन्न नगरपालिका क्षेत्रका सर्वश्रेष्ठ सफाई कर्मचारी अर्थात सफाई मित्रहरूलाई पनि पुरस्कार प्रदान गरियो। यसरी नै पाँचजना ढल स्वच्छता कर्मचारीलाई पनि कार्यक्रममा पुरस्कृत गरियो। कार्यक्रममा पहिलो स्वच्छता ग्रीन लिफ रेटिङ पुरस्कार गान्तोकको स्टेट सर्किट हाउसले प्राप्त गऱ्यो।

---------------------------------------X---------------------------------------

- <u>Governor's Hospital Visit</u>

गान्धी जयन्तीको एक भागको रूपमा राज्यपाल श्री ओमप्रकाश माथुरले आज सोचेकगाङस्थित नयाँ STNM अस्पतालको भ्रमण गर्नुभयो। अस्पताल परिसरको भ्रमण गर्ने क्रममा उहाँले यहाँ उपचाराधिन बिरामीहरूसित बातचित गर्दै उनीहरूलाई पोषणयुक्त खाद्य सामग्री प्रदान गर्नुभयो।

उहाँले चिकित्सा अधीक्षक र अधिकारीहरूसितको अन्तरक्रियामा राज्यको वृहत सरकारी अस्पतालबाट प्रदान गरिने सेवा र चिकित्सा सुविधाको उपलब्धताबारे जानकारी लिनुभयो।

---------------------------------------X---------------------------------------

- <u>Certificate through SSO</u>

आम मानिसहरूसम्म सरकारी सेवाहरू सोझै पुऱ्याउने मुख्यमन्त्रीको पहल नाम्ची र मंगन जिल्लामा आजबाट शुरूवात भयो। यस पहलअन्तर्गत अब Single Sign-On (SSO)-सेवाको माध्यमबाच online प्रमाणपत्र जारी गर्न शुरू गरिएको छ। यस पहलको उद्देश्य सिक्किमवासीका निम्ति सरकारी सेवाहरू अधिक पहुँचयोग्य, प्रभावकारी र प्रयोगकर्ता मैत्री बनाउनु हो।

नागरिकहरूले आवश्यक प्रमाणपत्रका लागि अनलाइन आवेदन गर्न सक्नेछन्, जसबाट प्रक्रिया धेरै सरल हुनेछ। समुदायहरू यस पहलबाट सजिलै लाभान्वित हुनसकुन भन्ने कुराको सुनिश्चित गर्न SSO-सेवा अब सबै महकुमा कार्यालय र खण्ड प्रशासनिक केन्द्रहरूमा उपलब्ध हुनेछ।

---------------------------------------X---------------------------------------

- <u>Training on Mushroom Cultivation</u>

नामचेबुङ GPU-को बासिलाखामा चेउ खेतीमाथि ग्रामीण युवाहरूका निम्ति आयोजित सप्ताहव्यापी कौशल विकास प्रशिक्षणको आज समापन भयो। यसको आयोजना पाकिम जिल्लाको कृषि प्रौद्योगिकी प्रबन्धन एजेन्सी (ATMA)-ले कृषि तथा बागवानी विभागसितको सहयोगमा गरेको हो।

बासिलाखाका कृषकहरूका निम्ति आयोजित प्रशिक्षण कार्यक्रमको अन्तिम दिन कृषि विभागका अतिरिक्त निदेशक श्री T छोपेल भोटियाले चेउ खेतीको प्राविधिक पक्षबारे जानकारी

गराउनुभयो। उहाँले भविष्यमा सबै प्राविधिक सहयोग र दिशानिर्देश उपलब्ध गर्ने आश्वासन दिँदै सबै प्रतिभागीहरूलाई यस प्रशिक्षणबाट भरपुर लाभ लिने आग्रह गर्नुभयो।
यसअघि, सुश्री रेबिका गुरूङले चेउ खेतीको महत्त्व र यसको लाभमाथि प्रकाश पार्नुभयो।

--------------------------------------X--------------------------------------

- <u>Meeting On BBBP</u>

नाम्चीकी जिल्लाधीश सुश्री अनुपा तामलिङले बेटी बचाओ बेटी पढाओ पहलका लागि प्रस्तावित योजनाको समीक्षा गर्नका साथै चर्चा गर्ने उद्देश्यले आयोजित बैठकको अध्यक्षता गर्नुभयो। जिल्ला प्रशासनिक केन्द्र, नाम्चीमा आज बसेको बैठकमा बोल्दै जिल्लाधीश सुश्री तामलिङले यस योजनाअन्तर्गत युवा ठिटिहरूलाई सशक्त बनाउनमा केन्द्रित विभिन्न जागरूकतामूलक अभियान र गतिविधिको प्रभावकारी कार्यान्वयनको महत्त्वमाथि चर्चा गर्नुभयो। उहाँले चेतनामूलक अभियान र जीवन कौशल विकास गतिविधिको माध्यमबाट कन्या विद्यार्थीहरूलाई सशक्त बनाउनमाथि आवश्यक विषयबारे प्रकाश पार्नुभयो, जुन उनीहरूको समग्र विकास र शिक्षा सुनिश्चित गर्न आवश्यक छ।

--------------------------------------X--------------------------------------

- <u>LN Sharma</u>

गेजिङ-बर्मेक निर्वाचन क्षेत्रको गेजिङ-ओमचुङ ग्राम प्रशासनिक केन्द्रमा आज प्रत्येक थोपा अधिक फसल अर्थात Per Drop More Crop-अन्तर्गत लघु सिँचाइ एकाइको सचेतना एवं वितरण कार्यक्रम सम्पन्न भयो। कार्यक्रमका मुख्य अतिथि विधायक श्री लोकनाथ शर्माको बाहुलीद्वारा प्रधानमन्त्री कृषि सिँचाई योजनाअन्तर्गत दुई सय छत्तीसजना कृषकहरूलाई पानीको सिनट्याक्स प्रदान गरियो।
विधायक श्री शर्माले सरकारले कृषिको क्षेत्रमा धेरै काम गरेको उल्लेख गर्दै आफूले प्राप्त गरेको सामाग्रीको सही रूपमा उपयोग गर्ने सबैसित आग्रह गर्नुभयो।

--------------------------------------X--------------------------------------